पचरौता नगरपालिकाद्वारा प्रकाशित

# पचरौता राजपत्र

खण्ड: १ संख्या: ३ मिति: २०७५/०३/३०

## भाग १

**पचरौता नगरपालिका**

**प्रदेश नं. २, बारा**

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ को उपदफा (४) बमोजिम पचरौता नगरपालिकाको नगर सभाले बनाएको तल लेखिएको बमोजिमको ऐन सर्वसधार्णको जानकारीको लागी प्रकाशन गरिएको छ ।

## पचरौता नगरपालिकाको विनियोजन ऐन,२०७५

**पचरौता नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः**

पचरौता नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ को उपदफा (४) बमोजिम पचरौता नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "पचरौता नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पुँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३७,४३,२०,०००.०० (अक्षेरुपी सैतितस करोड त्रिचालिस लाख बिस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७ को निमित्त पचरौता नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनकुनै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भूक्तानी खर्च र व्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र बितीय व्यवस्था अन्तर्गत साँवा भूक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनकुनै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | वितिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | नगर कार्यपालिका | ७११२२ | २०२९४८ | - | २७४०७० |
| ३ | | वडा समिति | - | - | - | - |
| ४ | | विषयगत शाखा | ९८२४२ | २००८ | - | १००२५० |
| ५ | | ऋणको सावा व्याज भूक्तानी | - | - | - | - |
| ६ | | लगानी (शेयर/ऋण) | - | - | - | - |
| | | जम्मा | १६९३६४ | २०४९५६ | - | ३७४३२० |

**आज्ञाले,**
**गौरी साह**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**
**पचरौता नगरपालिका,बारा**